# सिद्धलेक गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

बुङचुङ, धादिङ

बागमति प्रदेश, नेपाल

पत्र सङ्ख्याः २०८०/०८१
चलानी नं. 2626

मितिः २०८१।०३।०९

**विषय :- वेरुजु दाखिला सम्वन्धमा ।**

श्री इरोज निर्माण सेवा,
गजुरी, धादिङ ।

प्रस्तुत विषयमा यस कार्यालयको म.ले.प.को कार्यालयवाट प्राप्त आ.व. २०७८/०७९ को प्रतिवेदनले तपाइँको फर्मको नाममा सडकको पूर्वाधार तथा सेवा शुल्क वापतको रकम रु. ३,७४,९९७।०० गाउँपालिका कार्यालयमा दाखिला गर्न वाँकी वेरुजु देखिएको यथाशघ्रि यस कार्यालयमा उपस्थित भइ यस सम्वन्धी दाखिला गरेको भए प्रमाण पेश गर्नुहुन र नगरेको भए कार्यालयको कुमारी वैंक सिध्दलेक शाखामा रहेको आन्तरिक राजस्व खाता नं. ०८१००३५१२३१००००५ मा दाखिला गरी वेरुजु फछ्र्यौट गर्नुहुन जानकारी गराइन्छ । अन्यथा सो वेरुजु रकम सरकारी वाँकी सरह असुलउपर सम्वन्धी कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

२०८१।३।९

विनोद कुमार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

महालेखापरीक्षकको कार्यालय
**Office of the Auditor General**
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, बागमती प्रदेश**

२०१६

पत्र संख्याः २०७९।०८०
च.नं. १३८

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू ,
सिद्धलेक गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
धादिङ्ग ।

**कैफियत सहितको राय**

हामीले सिद्धलेक गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू १ करोड ९६ लाख ३५ हजार बेरुजू देखिएको छ। सोमध्ये बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ९ लाख २४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ४१ लाख ८ हजार, नियमित गर्नुपर्ने रु ३६ लाख १४ हजार र पेश्की रू. ९ लाख ८९ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु १३ करोड ६९ लाख ९९ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु १५ करोड ६६ लाख ३४ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट अवण्डा बजेट राखी खर्च गरेको, वर्षान्तमा बढी खर्च गरेको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुगमन मुल्याङ्कन कार्य प्रभावकारी नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

| | | | | |
|---|---|---|---|---|
| ५८ | | २०७९-५-२१ | **स्थानीय पुर्वधार तथा सेवाको शुल्क :** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ खण्ड घ (२)मा स्थानीय तहले आफैले निर्माण गरेका सडकहरुमा स्थानीय पुर्वधार तथा सेवाको शुल्क निर्धारण संकलन र व्यवस्थापन गर्ने पाउने व्यवस्था र यस सिद्धलेक गाउँपालिकाको आर्थिक ऐन २०७८ को दफा ७ अनुसूचि ६ (२) बमोजिम चालु आ.व. २०७८।७९ को लागी गा.पा आफैले निर्माण गरेका सडकहरुमा ठेक्का बन्दोबस्त गरेकोमा निम्न अनुसार व्यहोरा देखियो ।<br><br>• नलाङ क्लष्टर अन्तर्गत गर्ने ४ वटा सडकहरुको रु ५ लाख ५० हजार, सलाङ क्लष्टर अन्तर्गत पर्ने २ वटा सडक अन्तर्गत रु २ लाख र कुम्पुर क्लष्टर अन्तर्गत पर्ने ५ वटा सडकहरुको रु ७ लाख ५० हजार आय अनुमान गरि | ३७४,९९७ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>२०७८।४।५ गते प्रथम पटक प्रत्युस दैनिकमा १५ दिने सार्वजनिक सूचना प्रकाशन गरेकोमा एउटा मात्र फर्मको सिलबन्दि दरभाउ पत्र पेश भएकोले पूनः २०७८।४।२१ गते दोस्रो पटक सूचना प्रकाशन गरेको देखियो ।<br><br>• दोस्रो पटक पनि एउटा मात्र फर्म ईरोज निर्माण सेवा गजुरीले कुम्पुर क्लष्टरको लागि मात्र सिलबन्दी दरभाउ पत्र पेश गरेकोमा २०७८।५।२० गते कबोल अंक रु ७ लाख ५० हजार २ रुपैयाँको ५० प्रतिशतले हुन आउने रकम रु ३ लाख ७५ हजार ५ रुपैया गाउँपालिकाको आन्तरिक राजस्व खातामा जम्मा गरि रु ४ लाखको कृषि विकास बैंकको बैंक जमानत पत्र संलग्न गरि बाँकी किस्ता रकम रु ३७४९९७ रुपैयाँ जेठ मसान्त भित्र बुझाउने गरि सम्झौता भएकोमा उक्त निर्माण सेवाले बाँकी किस्ता बापतको रकम रु ३ लाख ७४ हजार ९ सय ९७ रुपैयाँ असार मसान्त सम्म बैंक दाखिला नगरेकोले उक्त रकम असुल गरि बैंक दाखिला गर्नुपर्ने ।<br><br>ठेक्का नपरेका बाँकी क्लष्टरमा विभिन्न मितिमा पटक पटक सूचना प्रकाशन गर्दा पनि कुनै पनि फर्म/कम्पनिले दरभाउ पत्र पेश गरेको देखिएन ।</td><td></td></tr>
<tr><td>५९</td><td></td><td></td><td>राजस्व अनुमान र अशुली : पालिकाले तयार गरेको विवरण अनुसार पालिकाले यस वर्ष कुल ३ करोड ९ लाख ५० हजार राजश्व संकलन गर्ने लक्ष्य लिएकोमा रु १ करोड ४ लाख ७२ हजार राजश्व संकलन गरेको देखिन्छ । पालिकाले निर्धारण गरेका करका दरहरुमा पुनरावलोकन गरि दायराहरु विस्तार गरेर आन्तरिक आय वस्तुनिष्ठ तरिकाले अनुमानित गरि राजश्व असुल गर्नुपर्ने देखन्छ ।<br><br><table><tr><th>क्र.सं</th><th>शीर्षकं</th><th>अनुमानिंत आय रकम</th><th>यथार्थ रकम</th></tr><tr><td>1</td><td>एकीकृत सम्पति कर</td><td>१३००००</td><td>१४३७४६८</td></tr><tr><td>2</td><td>भुमिकर/ मालपोत</td><td>५००००</td><td>४२५६४</td></tr><tr><td>3</td><td>घर बहाल कर</td><td>१०००००</td><td>१७१९१५</td></tr></table></td><td></td></tr>
</table>